वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक २९१ | २०८२ फागुन २८ गते विहीबार, नेपाल सम्वत् ११४६ March 12, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






## पालोको पर्खाइ

तनहुँको भिमाद नगरपालिकाको भिमाद प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सकसंग बुधबार स्वास्थ्य परीक्षणका लागि पालोको पर्खाइमा बसेका स्थानीय सेवाग्राहीहरू । भिमाद नगरका बासिन्दाहरू स्थानीयस्तरमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध नहुँदा अन्यत्र जानुपर्ने बाध्यता छ ।

*तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# मध्यपूर्व युद्ध र नेपालमा पर्नसक्ने आर्थिक प्रभाव

**रिसव गौतम**/काठमाडौं

पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट सुरू भएको युद्धको क्रममा अहिलेसम्म एक हजार २५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् । अन्तर्राष्ट्रिय समाचार संस्था एलजजीरा न्युजले मार्च ९ मा प्रकाशित गरेको समाचारअनुसार अमेरिका, इजराइल र इनरानबीच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार २५० जनाको मृत्यु भएको उल्लेख छ। युद्ध इरान र इजराइलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरूमा फैलिसकेको छ । मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तर्राष्टिय प्राकृतिक ग्यासको भाउ बढ्दा अरू सबै उपभोग्य वस्तुहरूमा महँगी बढ्न थालेको छ ।

युद्ध सुरू भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरु मारिएका थिए। अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भडकाउने नभई कुटनीतिक एवं सौम्य देखिन्छ । उनीहरूले सो युद्धमा आफैँ सहभागी हुने गरी चेतावनी भने दिएका छैनन् । भारत तथा चीनलगायत देशहरु मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरूलाई सम्झाउने र बार्तामार्फत हल गर्ने भूमिकामा छन्।

इरानमाथि इजराइल तथा अमेरिकाले कडा सैन्य कारवाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ। खासगरी ती देशहरूमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा इरानले हमला गरेका समाचार छन् । इजराइल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रूपमा प्रभावित छन् ।

खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरु ध्वस्त नगरी युद्ध नछोड्ने खालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन्। उनले युद्ध अझै केही दिनसम्म लम्बिनसक्ने संकेत समेत गरेका छन् ।




संसारमा अहिले साना तथा गरिब देशहरु युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरूबाट उनीहरूले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर ब्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरूले नै खेपिरहेका छन् ।

त्यसमाथि यस्ता खालका क्षेत्रीय तथा विश्व युद्धहरूमा गरिब तथा विपन्न देशका मानिसहरु युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रूस र युत्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपाली मात्र होइन, कयौँ त्यस्ता गरिब देशका नागरिकहरु युद्धमा सिपाई भएर होमिएका छन्। मारिने उनीहरु नै बढ्ता छन् । धनी देशहरूको पैसा मात्र मरिरहेको छ तर युद्ध र अशान्तिमा मारिनेहरु पनि गरिवहरु नै धेरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आइआरसी) ले जनाए अनुसार उसको 'टुथफुल प्रोसिस ४' अभियान अन्तर्गत अमेरिका इजराइल आक्रमणको प्रतिकारस्वरूप खाडी देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्ति माथि प्रहार गरिएको छ। अमेरिका तथा इजराइलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरुको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ । युद्ध रोकिने वा रोक्ने भन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरु ब्यापक भइरहेका छन् । यसले विश्वव्यापी रूपमा गरिब तथा श्रम निर्यातक देशहरु बढी प्रताडित हुने देखिएको छ ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन । खासगरी नेपालजस्ता श्रम निर्यातक देशहरु त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ। अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको

*बाँकी तेश्रो पेजमा*

# धार्मिक पर्यटकीय गन्तव्य बन्दै 'छाब्दीबाराही' मन्दिर

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका–१४ स्थित प्रसिद्ध छाब्दीबाराही मन्दिर धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ। मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासका साथ यहाँ विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन् । मन्दिरमा वार्षिक छ–सात लाख भक्तजन आउने गरेका हजार भक्तजनले पूजाआजा गरेका छन् । दसैं, तिहारका बेला मन्दिरमा भक्तजनको उल्लेख्य उपस्थिति रहने उनको भनाइ छ ।

साउन महिनाभरि, प्रत्येक महिनाको औँसी र एकादशीमा भने यहाँ पूजाआजा बन्द गरिने अध्यक्ष थापाले बताए। "छाब्दीबाराहीमा सुनको टीका भएको माछाको रूपमा जलदेवी बसेकी जनविश्वास छ । मन्दिर




छाब्दीबाराही विकास कोषका अध्यक्ष प्रेमबहादुर थापाले जानकारी दिए। सदरमुकाम दमौलीबाट सात किलोमिटर पक्की सडक यात्रा गरेपछि मन्दिर पुगिन्छ । मन्दिरको गत वर्ष पुनर्निर्माण गरी आकर्षक बनाइएको छ ।

कोषका अध्यक्ष थापाका अनुसार गण्डकी प्रदेश सरकारको रू २४ लाख आर्थिक सहयोग र छाब्दीबाराही विकास कोषको आन्तरिक कोषबाट रू ४६ लाख गरी रू ७० लाखको लागतमा मन्दिरको पुनर्निर्माण गरिएको हो। मन्दिरमा शनिबारमात्रै करिब पाँच बाहिर खोलामा पनि हजारौं माछा छन् । छाब्दी कुण्डमा स्नान गरी उपवासपूर्वक पूजा गरेमा अन्जानमा गरिएका सबै पापबाट मुक्त भइन्छ र मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ", उनले बताए ।

मन्दिरमा तीन जना मगर जातिका पुजारी छन् । यहाँ साउन, एकादशी र औँसीबाहेकका दिनमा बली चढाइने अध्यक्ष थापाले जानकारी दिए । मन्दिरमा हाँस, परेवा, बोका, राँगाको बली दिइने चलन छ। मन्दिर परिसरमा पुरानो छाब्दीबाराही मन्दिर, माछाको

*बाँकी तेश्रो पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## धुम्म आकाश र स्वच्छ भविष्यको अपेक्षा

हालै सम्पन्न प्रतिनिधिसिभा सदस्य निर्वाचनपछि देशको राजनीतिक वातावरण नयाँ दिशातर्फ माडिदै छ । निर्वाचन परिणामले जनताको अपेक्षा र राजनीतिक परिवर्तनको चाहना स्पष्ट पारेको छ। तर यही समयावधिमा देशको वातावरणीय अवस्था भने अस्वाभाविक रूपमा धुम्म देखिन थालेको छ। पछिल्ला केही दिनयता काठमाडौं लगायत देशका धेरै सहरहरु बाक्लो तुवाँलोले ढाकिएका छन्। आकाश फिका र धुम्म देखिनु, दृश्यता घट्नु र वायु गुणस्तर बिग्रनु अहिले नागरिकले प्रत्यक्ष अनुभव गरिरहेका वास्तविकता हुन् । सामान्यतया फागुन–चैतको समय हिमाल र पहाडहरु स्पष्ट देखिने, घाम लाग्ने र मौसम सुहावना हुने मानिन्छ। तर अहिले काठमाडौं उपत्यका मात्र होइन, तराईका सहरहरु तथा मध्यपहाडी क्षेत्रहरूमा समेत आकाश बाक्लो धुलो–धुवाँको तहले ढाकिएको देखिन्छ। यसले वातावरणीय अवस्थाबारे गम्भीर प्रश्न उठाएको छ । वातावरण धुम्म देखिनुको मुख्य कारण हावामा जम्मा भएका सूक्ष्म प्रदूषक कणहरु हुन्। धुलो, सवारीसाधनबाट निस्कने धुवाँ, औद्योगिक गतिविधि, निर्माण कार्यबाट उठ्ने कण तथा अन्य मानवीय गतिविधिबाट उत्पन्न प्रदूषणले हावाको गुणस्तर बिगार्ने गर्छ। जब हावाको गति सुस्त हुन्छ र वायुमण्डल स्थिर रहन्छ, तब यस्ता कणहरु फैलिन नपाई एकै ठाउँमा थुप्रिन्छन्। परिणामस्वरूप वातावरणमा तुवाँलो वा हैजको अवस्था सिर्जना हुन्छ । पछिल्ला दिनहरूमा देशभर हावाको गति अत्यन्त कम देखिएको छ। प्रतिघण्टा एकदेखि तीन किलोमिटरको आसपासमा सीमित रहेको हावाको गति प्रदूषण फैलाउन पर्याप्त छैन। यस्तो अवस्थामा वायुमण्डलमा रहेका सूक्ष्म कणहरु लामो समयसम्म हावामै अड्किएर रहन्छन्। साथै तापक्रमको उल्टो संरचना (टेम्परेचर इन्भर्सन) जस्ता मौसमी अवस्थाले पनि प्रदूषणलाई तलै थुनिराख्ने काम गर्छ। यसले गर्दा वातावरण धुम्म देखिनु स्वाभाविक हो । तर यो समस्या केवल मौसमको कारण मात्र होइन। यसको पछाडि दीर्घकालीन वातावरणीय चुनौती पनि जोडिएको छ। पछिल्ला वर्षहरूमा नेपालका सहरहरूमा सवारीसाधनको संख्या तीव्र रूपमा बढेको छ। सडक विस्तार, भवन निर्माण तथा अन्य पूर्वाधार विकाससँगै धुलो र धुवाँको मात्रा पनि बढ्दै गएको छ। कतिपय स्थानमा औद्योगिक गतिविधि र कृषि अवशेष जलाउने प्रचलनले समेत वायु प्रदूषणलाई थप बढाएको छ।

विश्वकै पहिलो प्रदुषित शहर बन्न पुगेको काठमाडौं उपत्यकाको भौगोलिक संरचना पनि प्रदूषणको समस्या बढाउने कारक हो। चारैतिर पहाडले घेरिएको उपत्यकामा हावाको स्वाभाविक बहाव सीमित हुन्छ। बाहिरबाट आउने ताजा हावा सजिलै प्रवेश गर्न सक्दैन र भित्र जम्मा भएको प्रदूषण बाहिर निस्कन पनि समय लाग्छ। यही कारणले गर्दा उपत्यकामा वायु प्रदूषणको समस्या बारम्बार देखिने गरेको छ । वायु प्रदूषणको सबैभन्दा गम्भीर असर मानव स्वास्थ्यमा पर्छ। हावामा रहेका सूक्ष्म कणहरु साससँगै शरीरभित्र प्रवेश गरेर फोक्सोसम्म पुग्न सक्छन्। यसले सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, घाँटी पोल्ने, आँखामा जलन हुने तथा एलर्जी बढ्ने जस्ता समस्या निम्त्याउन सक्छ । दीर्घकालीन रूपमा यस्ता कणहरूले मुटु र फोक्सोसम्बन्धी रोगको जोखिम पनि बढाउन सक्छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दम वा फोक्सोसम्बन्धी रोग भएका व्यक्तिहरूका लागि यस्तो अवस्था अझ खतरनाक हुन सक्छ। त्यसैले वायु गुणस्तर अस्वस्थकर भएको बेला अनावश्यक रूपमा बाहिर बस्न नहुने, मास्क प्रयोग गर्ने र कडा शारीरिक गतिविधि कम गर्ने जस्ता सावधानी अपनाउन आवश्यक हुन्छ।

यसबीच फागुन २१ को निर्वाचनपछि देशमा नयाँ राजनीतिक समीकरण बन्ने चर्चा चलिरहेको छ। कतिपयले मौसमको यो अवस्थालाई चुनावपछिको संयोगका रूपमा टिप्पणी गरेका छन्। तर वैज्ञानिक दृष्टिले मौसम र राजनीतिक घटनाबीच कुनै प्रत्यक्ष सम्बन्ध हुँदैन। मौसम पूर्ण रूपमा प्राकृतिक प्रक्रियाबाट निर्धारण हुने भएकाले निर्वाचनसँग यसको सम्बन्ध जोड्नु उचित हुँदैन । तर यहाँ एउटा महत्वपूर्ण पक्ष भने अवश्य उठ्छ– नयाँ सरकार र जनप्रतिनिधिहरूले वातावरणीय चुनौतीलाई कति प्राथमिकता दिन्छन् भन्ने प्रश्न। नेपालमा वायु प्रदूषण नियन्त्रणका लागि कानुनी प्रावधान र नीतिहरु पर्याप्त भए पनि तिनको प्रभावकारी कार्यान्वयन भने कमजोर देखिएको छ। नियम बनाउने भन्दा पनि त्यसलाई व्यवहारमा लागू गर्ने पक्ष अझ महत्वपूर्ण हुन्छ । सार्वजनिक यातायातको सुधार, सवारीसाधनको उत्सर्जन नियन्त्रण, सडक धुलो व्यवस्थापन, हरित क्षेत्र विस्तार तथा स्वच्छ ऊर्जाको प्रयोगजस्ता उपायहरूले मात्र वायु प्रदूषण घटाउन सकिन्छ। स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय गरेर दीर्घकालीन योजना लागू गर्न सके मात्र वास्तविक सुधार सम्भव हुनेछ।

वायु प्रदूषण नियन्त्रणमा नागरिकको भूमिका पनि कम महत्वपूर्ण छैन। व्यक्तिगत स्तरमा सचेत व्यवहार अपनाउनु, अनावश्यक सवारी प्रयोग कम गर्नु तथा वातावरणमैत्री अभ्यासलाई प्रोत्साहन गर्नु आवश्यक हुन्छ। वातावरण संरक्षण कुनै एक निकायको मात्र जिम्मेवारी होइन, यो साझा दायित्व हो। हाल आकाश धुम्म देखिए पनि मौसम परिवर्तनसँगै अवस्था क्रमशः सुधार हुन सक्छ। यदि हावाको गति बढ्यो वा पर्याप्त वर्षा भयो भने वायुमण्डलमा थुप्रिएका धुलो र धुवाँका कणहरु हट्न सक्छन्। त्यसपछि आकाश फेरि सफा हुने र हिमालहरु स्पष्ट देखिने सम्भावना छ । राजनीतिक रूपमा नयाँ अध्याय सुरू भएको यो समयमा नागरिकहरूको अपेक्षा पनि स्वाभाविक रूपमा बढेको छ। स्वच्छ वातावरण, स्वस्थ जीवन र दीगो विकास अहिलेका प्रमुख आवश्यकता हुन्। नयाँ सरकारका लागि पनि यो अवसर हो– सफा आकाश र स्वस्थ भविष्यतर्फ ठोस कदम चाल्ने। धुम्म आकाशले अहिले असहजता सिर्जना गरे पनि यसले एउटा स्पष्ट सन्देश दिएको छ– विकाससँगै वातावरण संरक्षणलाई प्राथमिकता नदिए भविष्य अझ जटिल बन्न सक्छ। त्यसैले आजको चुनौतीलाई अवसरमा बदल्दै स्वच्छ वातावरणतर्फ अघि बढ्नु नै समयको माग हो ।

# अभूतपूर्व जनसमर्थनसंगै रास्वपाको ऐतिहासिक कार्यभार

नवीन पुस्ताले गरेको असंगठित, यद्यपि शक्तिशाली विद्रोहको मागबमोजिम सम्पन्न आम निर्वाचन ऐतिहासिक रह्यो ! ऐतिहासिक 'जेन–जी' विद्रोहको पृष्ठभूमिमा सम्पन्न निर्वाचनको मतपरिणाम लगभग सार्वजनिक भइसकेको छ । धनुषा–१ को मतपरिणामसम्बन्धी विवाद अदालतमा पुगेका कारण त्यस निर्वाचन क्षेत्रबाहेकका १६४ वटै निर्वाचन क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ। यता समानुपातिकतर्फ पनि मतगणना अन्त्यतिर पुगेको छ ।

निर्वाचनको सार्वजनिक परिणामले नेपाली राजनीतिमा ठूलो परिवर्तनको शंखनाद गरेको छ । प्रत्यक्षतर्फ उल्लेखनीय सफलता र समानुपातिकतर्फ ऐतिहासिक जनमत प्राप्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई–तिहाइ बहुमतनजिक पुगेको छ। यसको अर्थ रास्वपासँग एकल सरकार गठन गर्ने सुविधा मात्र होइन, आवश्यक परे संविधान संशोधनसम्म गर्न सक्ने राजनीतिक सामर्थ्य रहनेछ ।

तर, यो विजय केवल राष्ट्रिय स्वतन्त्र पार्टीको सफलता मात्र होइन । यो परिणाम नेपाली समाजभित्र लामो समयदेखि सञ्चित असन्तुष्टि, कुशासनप्रति विकसित हुँदै गएको विद्रोही चेत र नयाँ राजनीतिक संस्कारको खोजीको एकीकृत अभिव्यक्ति पनि हो ! अहिलेको जनादेश केवल सत्ता परिवर्तनका लागि मात्र नभई राजनीतिक संस्कार परिवर्तनका लागि पनि हो ।

### नवीन पुस्ताको असंगठित विद्रोहको पृष्ठभूमि

पछिल्ला तीन दशकमा नेपाली राजनीति मूलतः एउटै वृत्तमा घुमिरह्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रजातन्त्र पुनःस्थापित भए पनि राज्य सञ्चालनको शैलीमा अपेक्षित सुधार आउन सकेन । भ्रष्टाचार, राजनीतिक मिलिभगत, शक्ति संघर्ष, गुटबन्दी र अवसरवादले राजनीतिक नेतृत्वप्रति क्रमशः आक्रोश बढाउँदै लग्यो । राजनीतिक परिवर्तनका नाममा सरकारहरु फेरिए, तर जनताको जीवनस्तरमा अपेक्षित बदलाव आउन भने सकेन । नेतृत्वको अक्षमता, राज्यका निकायहरूमाथिको अति–राजनीतीकरण, अवसरहरूको असमान वितरण, रोजगारीको अभाव, युवा पलायन, बढ्दो आर्थिक असमानता र राज्य संरचनाप्रतिको अविश्वासले समाजमा गहिरो निराशा पैदा गर्‍यो ।

यही निराशाका बीच नयाँ पुस्तामा जागरण सिर्जना हुन थाल्यो । नयाँ पुस्ताले राज्यसँग आफ्नो सहभागिता र अपनत्वको सुनिश्चितता खोज्न थाल्यो । सामाजिक सञ्जाल, डिजिटल तथा वैकल्पिक मिडिया र सार्वजनिक राजनीतिक विमर्शहरूमा परिवर्तनको पक्षमा सूक्ष्म रूपले अभियानहरु चल्न थाले । परिणामतः नयाँ राजनीतिक शक्तिका रूपमा रास्वपाको उदय भयो । अहिले निर्वाचनपछि त रास्वपा एकैपटक देशको चौथो शक्तिबाट पहिलो र दुई–तिहाइ बहुमत हाराहारीको शक्तिशाली दल बन्ने स्पष्ट दिशामा आइपुगेको छ । भदौ २३ को विद्रोहलाई आत्मसात् गरेको रास्वपाका पक्षमा असाधारण जनमत प्रकट भयो ।

### निर्वाचनको मुख्य सन्देश

प्रत्येक पटकका निर्वाचनले कुनै न कुनै राजनीतिक सन्देश दिन्छन् नै । हालै सम्पन्न निर्वाचनले पनि नेपाली राजनीतिलाई केही स्पष्ट सन्देश दिएको छ । त्यसमाथि संक्षेपमा चर्चा गर्नु आवश्यक छ :

पहिलो, परम्परागत राजनीतिक शक्तिप्रति जनतामा गहिरो असन्तुष्टि छ। जनताको बुझाइमा परम्परागत दलहरूको सान्दर्भिकता र औचित्य समाप्त भएको छ । लामो समयदेखि राज्य सञ्चालनको बागडोर सम्हालेका दलहरूले जनताले राखेका सुशासन र समृद्धिका अपेक्षाहरु पूरा गर्न नसकेको परिप्रेक्ष्यमा उनीहरूलाई व्यापक रूपमा अस्वीकृत गरिएको छ ।

दोस्रो, नयाँ पुस्ताको राजनीतिक चेतना थप जागृत भएको छ। नयाँ पुस्ताले हालै सम्पन्न निर्वाचनलाई 'जेन–जी' विद्रोहको नयाँ मोर्चाका रूपमा ग्रहण गरे र आफ्नो मत सोहीअनुरूप जाहेर गरे । यसपटकको निर्वाचनमा युवाहरु अब केवल दर्शक मात्र होइनन्, राजनीतिक परिवर्तनका सक्रिय साक्षी हुन् भन्ने प्रमाणित समेत गरे ।

तेस्रो, जनताको मुख्य अपेक्षा अब नाराभन्दा परिणाममुखी शासन हो । सुशासन, पारदर्शिता, आर्थिक अवसर र राजनीतिक स्थायित्व जस्ता मुद्दाहरु अब राजनीतिक एजेन्डाको केन्द्रमा आएका छन् ।

चौथो, मतदाताले एकल र स्थिर सरकारको खोजी गरेका छन् । बारम्बार सरकार परिवर्तन हुने अवस्थाबाट आजित जनताले स्थायी सरकार र दूरदर्शी एवं परिवर्तित नेतृत्वको पक्षमा मतदान गरेको देखिन्छ ।

### रास्वपाको ऐतिहासिक जिम्मेवारी

रास्वपाको शानदार विजयले ठूलो अवसरसँगै ठूलै जिम्मेवारी तथा चुनौती थपेको छ । नेपालको लोकतान्त्रिक इतिहासमा केही यस्ता समय आएका छन्, जहाँ जनताले कुनै एउटा शक्तिलाई असाधारण जनादेश दिएका छन् । उदाहरणका रूपमा, गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेसलाई २०४८ को निर्वाचनमा, शेरबहादुर देउवाको नेतृत्वमा २०५६ को परिणाम, पुष्पकमल दाहालको नेतृत्वमा नेकपा (माओवादी केन्द्र)लाई २०६४ को संविधानसभा निर्वाचनमा र माधव–प्रचण्ड–केपी ओली नेतृत्वको नेकपालाई २०७४ को निर्वाचनमा सुविधाजनक बहुमत दिएर पठाइएका थिए ।

तर, ती ऐतिहासिक अवसरहरु आन्तरिक विवाद, शक्ति–संघर्ष, गुटबन्दी, स्वार्थ केन्द्रित राजनीति र नीतिगत अस्पष्टताले गर्दा खेर फाल्ने काम भयो।

रास्वपाले अहिले प्राप्त गरेको दुई–तिहाइ हाराहारीको बहुमत पनि त्यसैको एउटा श्रृंखला हो । २०८२ मा आइपुग्दा मुलुक त्यही मोडमा उभिएको छ, जहाँ विगतको तीतो अनुभव स्मरणमा आइरहेको छ । वर्तमान रास्वपा नेतृत्वको सफलता र असफलताको दूरी र दायरा पनि धेरै छैन । सरकार गठनसँगै कैयौं विषयहरु स्पष्ट हुँदै जानेछन् ।

### रास्वपा र रास्वपा सरकारका मुख्य प्राथमिकताहरु

अब बन्ने रास्वपा सरकारको मुख्य प्राथमिकता सुशासन स्थापना गर्ने नै हो। राज्यका निकायहरूलाई बलियो, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने गरी प्राथमिकता तय गरिनुपर्छ । सार्वजनिक सेवा प्रवाहमा सुधार, डिजिटल प्रणाली विस्तार, प्रशासनिक संरचनाको सुदृढीकरणसँगै आधुनिकीकरण आवश्यक हुनेछ ।

दोस्रो, महत्त्वपूर्ण प्राथमिकता भ्रष्टाचारविरूद्ध निर्णायक कारबाही नै हुनुपर्छ। अहिलेको ताजा जनादेशले माग गरेको 'जेन–जी' विद्रोहको प्रमुख मुद्दा नै भ्रष्टाचार अन्त्य भएकाले यो सरकारले




बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
घरखर्च बढ्नुका साथै अर्थअभाव देखापर्नेछ। काम बिग्रने भयले सताउनेछ। श्रमको उचित मूल्य पाइनेछ।

**वृष**
न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला।

**मिथुन**
मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

**कर्कट**
सहयोगीहरूले राम्रो साथ दिनेछन्। पहिलेको सफलताले पनि नयाँ अवसर दिलाउन सक्छ।

**सिंह**
आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। पहिलेको उपलब्धिले उत्साह जाग्नेछ। सोखले फजुल खर्च

**कन्य**
व्यापारमा राम्रै फड्को मार्न सकिनेछ। आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ।

**तुला**
नयाँ काम गर्ने वातावरण बन्नेछ। पहिले रोकिएको काम पनि सम्पादन हुनेछ। योजना सार्वजनिक नगर्नुहोला।

**वृश्चिक**
मिहिनेतले लक्ष्यमा पुग्न सकिनेछ। कर्मयोगले नाम, दाम र इनाम दिलाउन सक्छ।

**धनु**
अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।

**मकर**
प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ने समय छ।

**कुम्भ**
पहिलेका कामबाट पनि मनग्य लाभ हुनेछ। उठ्नुपर्ने रकम प्राप्त हुनेछ। पेसा–व्यवसायमा फाइदा हुनेछ।

**मीन**
आˆना कमजोरीबाट लाभ उठाउनेहरु सक्रिय हुनेछन्। नयाँ काम गर्न केही समय लाग्नेछ।



**दुई पालिका जोड्ने निर्माणाधीन पुल :** तनहुँको व्यास नगरपालिका–३ देउराली नगर र ऋषिङ गाउँपालिका–१ झापुटार जोड्ने सेतीमादी नदीमा निर्माणाधीन मोटरेवल पुल । निर्माण कम्पनीलाई यही २०८२ चैत्र मसान्तभित्र सम्पन्न गर्न पूर्वाधार विकास कार्यालयले अन्तिम समयसीमा दिएको छ । निर्माण कम्पनीले सम्झौता गरेर काम थालेको पाँच वर्षको अवधिमा हालसम्म ६० प्रतिशत मात्रै भौतिक प्रगति भएको सो कार्यालयले जनाएको छ । *तस्बिर : सानेबहादुर नेपाली/रासस*

# धार्मिक पर्यटकीय ..........

मुखको धारा, पोखरीमा माछा, पोखरीको बीचमा मत्स्यगन्धाको मूर्ति आकर्षणका रूपमा रहेका छन्।

मन्दिरको संरक्षण, वातावरणमैत्री भौतिक पूर्वाधार विकास, धार्मिक तथा ग्रामीण कृषि पर्यटन विकास एवं प्रवर्द्धन गर्ने उद्देश्यसहित मन्दिरको गुरुयोजना निर्माण गरिएको अध्यक्ष थापाले जानकारी दिए । उनका अनुसार गुरूयोजनामा धार्मिक तथा सांस्कृतिक सम्पदा, भौतिक अवस्था र जैविक विविधताको संरक्षण सम्बन्धी सचेतना अभिवृद्धि, मन्दिर परिसरको सौन्दर्यकरण र फोहोरमैला व्यवस्थापनका सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम गर्ने प्रस्ताव गरिएको छ।

# मध्यपूर्व युद्ध र नेपालमा .....

अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनहरूमा त्यस्ता घटनाहरु नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बदै गयो र ती देशहरु पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारी समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरूमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरूले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे जति गरिबी घटेको छ, जे जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरूको योगदान धेरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरूको योगदान रहेको छ । त्यसकारण मध्यपूर्वमा युद्ध फैलदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध सुरू हुन गाह्रो हो, फैलन गाह्रो हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवं शासक देशहरूका लागि । ती देशहरूको अत्याधिक ध्यान आणविक भट्टीहरु, हतियारहरु, आधुनिक हतियारहरु, बम तथा बारूद बनाउनेमा केन्द्रित रहने गर्दछ। त्यसकारण युद्ध न सजिलै सुरू हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरूले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरू शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ। त्यसभन्दा बढी आफना नागरिकहरु जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरूरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रूप नलिओस्। त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरूरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई धुब्रमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरु भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरूमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरूलाई मात्र असर गर्दैन। युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरूका लागि कठिनाइ पर्नेछ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी 'साउदी आराम्को'को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरु समेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्य समेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल ११५ डलर माथि पुगेको छ। दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरूमा झन् बढी पर्नेछ । विश्लेषकहरूले नै तेलको मूल्य लामो समयसम्म १०० डलर भन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन्।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपाल जस्ता देशहरूले यस्ता घटनाहरूको प्रताडना खेप्नुको कुनै गुन्जायस छैन्। युद्धका असरहरु बहुआयामिक छन् । जति धनीहरूलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरिब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ। युद्ध सुरू भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्ध भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवं रेमिट्यान्समा निर्भर देशहरूलाई ठूलै झड्का लाग्ने सम्भावना छ। यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरूको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ । रासस

# अभूतपूर्व जनसमर्थनसंगै ..........

त्यसतर्फ विशेष प्राथमिकता दिनुपर्ने हुन्छ । खासगरी २०४६ पछिका हरेक उच्च पदमा रहेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने निर्णय अब बन्ने सरकारको पहिलो निर्णय बन्नुपर्छ ।

उक्त प्रस्ताव र निर्णयले जनतामा ठूलो आशा जागृत गर्न सक्छ । यदि यो प्रक्रिया निष्पक्ष र पारदर्शी रूपमा अघि बढाइयो भने यसले नेपालको राजनीतिक संस्कारमा ऐतिहासिक परिवर्तन ल्याउन सक्छ । मुलुकको अर्थतन्त्र र समृद्धिमा पनि ठूलो योगदान पुऱ्याउन सक्छ ।

तेस्रो, अक्टोबर ८ र ९ तारिखमा नेपालमा भएको 'जेन–जी' विद्रोहमाथि दमन गर्ने, किशोर–किशोरीमाथि गोली बर्साएर आम नरसंहार मच्चाउने र विद्रुप विध्वंस निम्त्याउन जिम्मेवार राजनीतिक एवं प्रशासनिक नेतृत्वलाई कार्की आयोगको प्रतिवेदनले भनेअनुसार फौजदारी अभियोगमा मुद्दा चलाउनु र उनीहरूलाई दण्डित गर्नु हुनेछ । लामो समयदेखि रहँदै आएको दण्डहीनताको घृणित खेल अब बन्द हुनुपर्छ ।

चौथो, अनेक पेचिला मुद्दाका बीच नयाँ बन्ने सरकारको अर्को प्राथमिक काम आर्थिक रूपान्तरण (Economic Transformation) नै हो । नेपाल अझै पनि आयातमुखी अर्थतन्त्रमा निर्भर छ। उत्पादनमुखी अर्थतन्त्र निर्माण, कृषि आधुनिकीकरण, औद्योगिक विकास, पर्यटन विस्तार, नवप्रवर्तन र प्रविधिमा आधारित उद्यमशीलताको विकासमा केन्द्रित नीति अख्तियार गर्नुपर्छ ।

पाँचौं, अर्को महत्त्वपूर्ण प्राथमिकता युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु हुनेछ। रास्वपाको उदय नै नयाँ पुस्ताको आकांक्षासँग जोडिएको छ । त्यसैले नीति निर्माणदेखि प्रशासनिक संरचनासम्म युवालाई अवसर दिने नीति आवश्यक हुनेछ ।

छैटौं, अवसरहरूको समान वितरण सुनिश्चित गर्नुपर्नेछ । 'जेन–जी' विद्रोह हुँदै यसपटकको निर्वाचनमा प्रकट जनमतको स्पष्ट सन्देश र माग नै प्राप्त अवसरहरूको समान वितरण गर्नु हो । नेपालमा क्षेत्रीय, सामाजिक र आर्थिक असमानता अझै गहिरो छ । राज्यको विकास र अवसरहरु सीमित समूहमा केन्द्रित हुने प्रवृत्ति अन्त्य गर्न समावेशी सहभागिता र विकासको नीति आवश्यक हुनेछ ।

**संविधान पुनरावलोकनको प्रश्न**

नेपालको संविधान २०७२ लागू भएको करिब एक दशक पूरा भएको छ । यस अवधिमा संघीय संरचना, शासकीय प्रणाली, निर्वाचन प्रणाली लगायतका विषयमा विभिन्न अनुभवहरु प्राप्त भएका छन् । तिनै अनुभवका आधारमा संविधानका केही अन्तरवस्तुहरु पुनर्लेखन वा संशोधन गर्नुपर्ने बहस उठेको छ । यो बहस 'जेन–जी' विद्रोहका क्रममा पनि जोडतोडले उठेको हो ।

त्यसकारण संविधान संशोधन अब बन्ने रास्वपा सरकारको प्रमुख प्राथमिकता र कार्यभार दुवै हो ! राजनीतिक हिसाबले र संख्याका हिसाबले सोहीअनुसारको जनादेश रास्वपाले पाएको स्थितिमा संविधान पुनर्लेखनको काम अविलम्ब सुरू गर्नुपर्छ । यद्यपि, यो प्रक्रिया व्यापक सहमति, गम्भीर अध्ययन र जनसहभागितासहित अघि बढाइनुपर्छ ।

**जनादेश खेर जान नदिनुपर्ने सावधानी**

दुई–तिहाइ हाराहारीको जनादेश प्राप्त गर्नु जति ठूलो उपलब्धि हो, त्यसलाई जोगाइराख्नु त्यत्तिकै चुनौतीपूर्ण हुन्छ ।

**रास्वपाले मुख्यत: तीन कुरामा ध्यान दिनुपर्नेछ :**

पहिलो, पार्टीभित्र आन्तरिक एकता कायम राख्नुपर्नेछ । ठूलो जनादेश प्राप्त गर्ने दलहरु प्राय: आन्तरिक विवादका कारण कमजोर बन्ने गरेका छन् । त्यसमाथि रवि–बालेन जस्तो भीमकाय व्यक्तित्व टकरावको जोखिम पनि त्यत्तिकै छ। त्यसकारण आन्तरिक एकतालाई सुदृढ बनाएर मात्रै बाँकी कामहरु थालनी गर्नुपर्छ ।

दोस्रो, जनतासँग निरन्तर संवाद कायम राख्नुपर्नेछ । जनसमर्थन नै रास्वपाको सबैभन्दा ठूलो शक्ति हो । विगतका दल र सरकारहरु जनताबाट टाढिँदै गएकाले यो तहको अस्वीकार झेल्नुपरेको हो। त्यसकारण रास्वपाले जनतासँगको सम्बन्धलाई बलियो बनाउने र नवीकरण गरिरहने काम गर्नुपर्छ।

तेस्रो, परिणाममुखी शासन सुनिश्चित गर्नुपर्ने ! जनताले अब राजनीतिक भाषणभन्दा ठोस परिणाम हेर्न चाहन्छन् । जनताले अनुभूति गर्ने गरी काम गर्न नसकेका दिन एमाले–कांग्रेसकै नियति झेल्नुपर्ने हुन सक्छ । आफ्ना प्रतिबद्धता पूरा गरेर परिणाम दिन नसके अर्कोपटक एमाले, कांग्रेस र नेकपाकै साइजमा ल्याउने सामर्थ्य र सुविधा जनतासँग छँदैछ ।

**निष्कर्ष**, हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचन नेपालको राजनीतिक इतिहासमा एउटा महत्त्वपूर्ण कोशेढुङ्गा बन्न सक्ने सम्भावना छ । यो निर्वाचनले परम्परागत राजनीतिक शक्तिको वर्चस्वलाई चुनौती मात्र दिएको छैन, उनीहरूलाई व्यापक रूपमा अस्वीकार गर्दै पहिलो शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई निर्णायक हैसियतमा पुऱ्याएको छ।

तर बारम्बार इतिहासले पुष्टि गरेको छ कि ठूलो जनादेश प्राप्त गर्नु मात्र पर्याप्त हुँदैन, त्यसलाई सही दिशामा उपयोग गर्न र परिणाम दिन सक्नु नै जनादेशको सही सम्मान हुनेछ । यदि रास्वपाले सुशासन, आर्थिक रूपान्तरण, भ्रष्टाचार नियन्त्रण र समावेशी विकासका लक्ष्यहरु प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्यो भने यो जनादेश नेपालको राजनीतिक इतिहासमा नयाँ युगको सुरूवात बन्न सक्छ । नत्र भने इतिहासले फेरि अर्को विद्रोहको प्रतीक्षा गर्नुपर्ने हुन सक्छ ।

अहिलेको क्षण विजयको क्षण मात्र होइन, उत्तरदायित्व र जिम्मेवारीबोधको क्षण पनि हो । यही बोध र यही समयलाई सही दिशामा रूपान्तरण गर्न सकियो भने 'जेन–जी' विद्रोह केवल एउटा राजनीतिक घटनाक्रम मात्र नभई नेपालको लोकतान्त्रिक पुनर्जागरण र समृद्धितर्फको यात्रामा एउटा 'पानीढलो' बन्न सक्छ । नेपालप्रेसबाट

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

चैत ०६ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

चैत्र ०७ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५–५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**चर्चामा आउने तर कामले गति नलिने :** तनहुँको व्यास नगरपालिकाको दमौलीदेखि आँवुखैरेनी गाउँपालिकाको घुमाउने घाट हुँदै मुग्लिन–नारायगढ सडक खण्डमा जोडिने बुद्ध सिंह मार्ग स्तरोन्नतिको काम गरिदै । चालु आर्थिक वर्षका लागि गण्डकी प्रदेश सरकारबाट करिब दुई करोड रूपैयाँ बजेट विनियोजन भई पूर्वाधार विकास कार्यालय मार्फत सडकको नाला निर्माण कार्य भैरहेको छ । सडकको ट्रयाक खोलिएको करिब चार दशक पुग्न आटेपनि हालसम्म स्तरोन्नतिको कामले गति लिन सकेको छैन । यो मार्गको स्तरोन्नति र घुमाउने घाटस्थित त्रिशुली नदी माथी पक्कि पुल निर्माण कार्यले चर्चा चल्ने गरेपनि हालसम्म काम सम्पन्न हुन सकेको छैन । *तस्विर : भञ्ज्याङ*

# चालु खाता र शोधनान्तर उच्च बचतमा, १८ महिनाको आयात धान्ने मुद्रा सञ्चिति

**रासस**/काठमाडौं

चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा बाह्य क्षेत्र सकारात्मक अवस्थामा देखिएको छ । यो अवधिसम्ममा मुलुकको चालु खाता र शोधनान्तर उच्च बचतमा छ भने १८ महिनाको आयात धान्ने विदेशी मुद्रा सञ्चिति देखिएको छ । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार चालु खाता रू चार खर्ब ९३ अर्ब ७८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू एक खर्ब ८४ अर्ब १४ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ३७ करोडले बचतमा रहेको चालु खाता यस वर्ष तीन अर्ब ४७ करोडले बचतमा रहेको छ ।

त्यस्तै गत माघ मसान्तसम्ममा खुद पुँजीगत ट्रान्सफर रू ११ अर्ब ४३ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रू पाँच अर्ब ८३ करोड रहेको थियो । यसैगरी, समीक्षा अवधिमा रू १० अर्ब २२ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी रू सात अर्ब ४३ करोड रहेको थियो । राष्ट्र बैंकका अनुसार यो अवधिमा शोधनान्तर स्थिति रू पाँच खर्ब ७२ अर्ब ७३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू दुई खर्ब ८४ अर्ब ४१ करोडले बचतमा रहेको थियो ।

गत असार मसान्तमा रू २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पछिल्लो सात महिनामा २३ दशमलव तीन प्रतिशतले वृद्धि भई रू ३३ खर्ब दुई अर्ब ६६ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा २०८२ माघ मसान्तमा १६ दशमलव सात प्रतिशतले वृद्धि भई २२ अर्ब ७६ करोड पुगेको छ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा रू २४ खर्ब १४ अर्ब ६४ करोड रहेकोमा २०८२ माघ मसान्तमा २१ दशमलव दुई प्रतिशतले वृद्धि भई रू २९ खर्ब २६ अर्ब ९९ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा रू दुई खर्ब ६३ अर्ब चार करोड रहेकोमा २०८२ माघ मसान्तमा ४२ दशमलव आठ प्रतिशतले वद्धि भई रू तीन खर्ब ७५ अर्ब ६७ करोड कायम भएको छ ।

गत माघ मसान्तसम्मको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव पाँच प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको सात महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१ दशमलव तीन महिनाको वस्तु आयात र १८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

# कास्कीको रूपा गाउँपालिकामा एक लाख लिटर मह उत्पादन

**रासस**/गण्डकी

कास्कीको रूपा गाउँपालिकामा एक वर्षमा एक लाख लिटर मह उत्पादन भएको छ । कृषकहरूलाई मौरीपालनमा आकर्षित गर्ने गरी गाउँपालिकाले लगानी बढाउँदै जाँदा महको उत्पादन पनि बढेको हो । तीन वर्ष अघि मौरीपालनका लागि नमूना परीक्षा सुरू गरेको गाउँपालिकाले यसको सम्भावना देखेसँगै कृषकलाई प्रोत्साहित गर्ने गरी अनुदानको कार्यत्रलम सञ्चालन गरेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो ।

गाउँपालिकाभित्रका कृषककका लागि दुई हजार १०० मौरीका घार ५० प्रतिशत अनुदानमा वितरण गरिसकिएको बताउँदै उहाँले यस वर्ष गाउँपालिकाभित्र एक लाख लिटर मह उत्पादन भएको जानकारी दिनुभयो ।

उत्पादित महको बजारीकरणमा समस्या नभएको उल्लेख गर्दै उहाँले घरघरबाटै मह बिक्री हुने गरेको बताउनुभयो । मौरी पालनसँगै गाउँपालिकाभित्र करिब ७०० जना स्वरोजगार बनेको उहाँको भनाइ छ । उहाँका अनुसार विशेषतः मौरीपालनमा गाउँपालिकाको वडां १ देउपुर बेसी, वडा नं २ को सिर्कुतान, वडा नं ३ को छापपाखा, वडा नं ४ को माउ डाँडा, वडा नं ५ को देउराली/देउराली फेदी, वडा नं ६ को भिरचोक/खोलाको छेउ र वडा नं ७ को काउरे/हंशपुर/माफठानालगायतका स्थानमा मौरीपालनतर्फको आकर्षण बढिरहेको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

facebook twitter




**khagol Gautam**
x.com/khgautam36

हैट! वालेनको टाऊको देखाएर चुनाव जितेको रास्वपाले बालेनलाई प्रधानमन्त्री बनाईहाल्यो भने ६ महिना मात्रै हो। बालेनलाई रविका सबै मुद्धा फिर्ता गर्न लगाएर षड्यन्त्रपुर्ण हिसावले बालेनलाई निकालेर आफै प्रधानमन्त्री बन्ने पक्काछ । जाबो गृहमन्त्रीको लागि प्रचण्ड र ओलीको अगाडि लम्पसार पर्नेले सहजै बालेनलाई गरिखान दिदैन ।



**Tara Nath Dahal**
x.com/tndahal7

निर्वाचन खर्च विवरण बुझाउनै पर्छ, यो नयाँ नियम होईन, पहिले देखिको हो। नबुझाउनेहरू सामान्य जरिवाना तिरेर उम्किँदै पनि आएका छन । मुख्यकुरा, ति विवरणको सपोर्ट डकुमेन्टहरू– बैंक डिटेल, बिल, भर्पाई, भौचर आदी पेश भएको छ वा छैन अनि यि विवरणको स्वतन्त्र लेखापरीक्षण हुन्छ–हुँदैन? प्रेसले खोजोस !



**Govind Raj Pokharel**
x.com/grpokharel

जानकारीका लागि– प्युठानमा ६४ वार्ड छन, ऐरावती गापा वार्ड नं. १ मा मात्र १२५ किमि धुले सडक बनेको छ । यहाँको जनसंख्या करिव ३७३० रहेको छ। गाउँपालिकाको भू–उपयोग तथा वर्गीकरण योजना बमोजिम वडा नं १ को क्षेत्रफल ३७.२० वर्ग कि.मि. रहेको छ। एक माध्यामिक, २ निम्न माध्यामिक गरि १० विद्यालय छन ।

# शुक्लागण्डकीमा रैथाने खाना महोत्सव गरिने

**भञ्ज्याङ समाचारदात**/दुलेगौंडा

तनहुँमा दुई दिने आदिवासी जनजाति रैथाने खाना महोत्सव हुने भएको छ । रैथाने परिकारको पाककला र स्वाद नवपुस्तालाई हस्तानतरण गर्नलाई खाना महोत्सव हुने भएको हो । नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परिषद् शुक्लागण्डकीको आयोजनामा चैत २ र ३ गते महोत्सव हुनेछ । शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित भानुभक्त बहुमुखी क्याम्पसको खेलमैदानमा महोत्सव गरिनेछ । महोत्सवमा शुक्लागण्डकीमा बसोबास गरिरहेका आदिवासी जनजाती समुदायका मौलिक घर निर्माण गरेर तीनै घरमा परम्परागत तवरले पकाएर रैथाने खानाको स्वाद चखाइने महासंघका अध्यक्ष कूलकुमार कुमालले बताए ।

साँस्कृतिक झाँकी र गीत, नृत्यसमेत प्रस्तुत गरिने उनको भनाइ छ । भाषा, संस्कार, संस्कृति संरक्षणमा अन्तरक्रिया हुने कुमालले जानकारी दिए । महोत्सवले रैथाने खाना संरक्षणमा चेतना बढाउने विश्वास गरिएको छ। 'रैथाने खानाको माग बढ्दा निर्वाहमुखी कृषिबाट व्यवसायीकतर्फ उन्मुख हुन सघाउने अपेक्षा छ', कुमालले भने ।

महोत्सवका सल्लाहाकार खिमबहादुर कुमालले आदिवासी जनजाति समुदायले खाने खानाको परिकार स्वावस्थ्यका हिसाबले पनि उयुक्त भएको बताए । 'ती खानालाई प्रर्दशन र प्रचार गरेर व्यवसायिककरण गर्न सकिन्छ कि भनेर लागेका छौं', उनले भने । नेपाल आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशका सचिव बिमल जिसी आदिवासी जनजातिका खानाका परिकारसँगै चालचलन, रीतिरिवाज, संस्कृति सबै समुदायमा पुर्‍याउनुपर्ने बताए । 'कुन समुदायले कस्ता खाना खान्थे । जन्मदेखि मृत्युसम्मका संस्कारहरू प्रत्यक्ष रूपमा देखाउने कोशिषमा छौं', उनले भने ।




मगर, गुरूङ, नेवार, कुमाल, भुजेल र तामाङ समुदायका खानाका परिकार एकैथलोमा चखाइने महोत्सवकि प्रवक्त बिर्सना श्रेष्ठले बताइन् । श्रेष्ठका अनुसार, महोत्सवमा बटुक, बारा, सेलरोटी, चटामारी, गिठ्ठा, भ्याकुर, चटामरी, फुरौला, योमरीदेखि लोकल रक्सी, माछा, मासुका परिकार प्रर्दशनसँगै खानपानको व्यवस्था मिलाइको छ।

शुक्लागण्डकी नगरपालिकाको आर्थिक सहयोगमा हुने महोत्सवको सहआयोजकमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ नगर समन्वय परिषद् शुक्लागण्डकी नगरपालिका, मगर, गुरूङ, नेवार, कुमाल, भुजेल, तामाङ र थकाली समाजका नगर समिति रहेका छन्।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४